# वैदिक दर्शन र यसको शैक्षिक उपयोगिता

*मोहनमणि पोखरेल*
*सह-प्राध्यापक*
*त्रि.वि., महेन्द्र रत्न क्याम्पस, ताहचल*
*m.pokhrel2069@gmail.com*

**लेखसार**

*वेदको अर्थ ज्ञान हुन्छ । हिन्दु दर्शन वा वैदिक दर्शनको मुख्य आधार र स्रोत वेद हो । वेदमा आधारित दर्शनलाई नै वैदिक दर्शन भनिन्छ । वेदमा मुख्य गरेर ब्रम्हको व्याख्या गरिएको छ । यसका चार भाग छन् । आर्यन संस्कृतिको मुख्य आधार र हिन्दु दर्शनको आधारसमेत रहेको यसको मुख्य उद्देश्य वैदिक दर्शनको विकासक्रम र षडदर्शनको परिचय दिनु हो । त्यस्तै, दार्शनिक आधारको परिचय गराउनु र यसको नेपालको सन्दर्भमा उपयोगिताको विश्लेषण गराउनु हो । विभिन्न सम्बन्धित विषयका विज्ञहरूसँगको छलफल, अर्न्तवार्ता, पुस्तकालय विधि र इन्टरनेट विधि प्रयोग गरी अध्ययन गरिएको छ । यसभित्र वेदको परिचय, वेदको दार्शनिक आधार ब्रम्ह अथवा ईश्वरको परिचय गराउन खोजिएको छ । वैदिक दर्शनको दार्शनिक आधार ईश्वर हो र जीवनको अन्तिम लक्ष्य मोक्ष प्राप्त गर्नु हो । वास्तविक ज्ञानबाट मात्र मोक्ष प्राप्ति हुने र ज्ञान प्राप्तिका लागि शिक्षाको आवश्यक हुन्छ । शिक्षाले मानिसलाई मुक्ति दिलाउन सक्नुपर्छ । यसअन्तर्गत वैदिक दर्शनको परिचय, यसको विकासक्रम षडदर्शनको परिचय, यसको दार्शनिक आधार र नेपालको वर्तमान सन्दर्भमा यसको शैक्षिक उपयोगिता समावेश गरिएको छ । त्यस्तै, नेपालको वैदिक शिक्षा प्रणालीमा गुरुकुल शिक्षा, ऋषिकुल शिक्षा, देवकुल शिक्षा, राजकुल शिक्षा र पितृकुल शिक्षाको बारेमा परिचय गराउने प्रयास गरिएको छ । नेपालको सन्दर्भमा आजको शिक्षा प्रणालीलाई सुधार गर्न, विद्यार्थी अनुशासन कायम राख्न, गुरु चेलाबिचको सम्बन्ध उच्च राखी उच्चतम् शैक्षिक उपलब्धि प्राप्त गर्न वैदिक शिक्षा प्रणाली उपयोगी हुने देखिन्छ ।*

**शब्दकुन्जी** : *वेद,* षडदर्शन, दर्शन, *ब्रम्ह, परमात्मा,* शैक्षिक विचार ।

## परिचय

वेदको अर्थ ज्ञान हुन्छ । वेदलाई चार भागमा विभाजन गरिएको छ । ती चार वेदमा ऋगवेद, यर्जुवेद, सामवेद र अथर्व वेद हुन् । हरेक वेदलाई तीन तीन भागमा विभाजन गरी विश्लेषण गरिएको छ । पहिलो : संहिता (Samhita), ब्राम्हण (Brahmain) र आख्यक (Ayanyakas) हुन् (स्वामी संदपुरीमहाराज, २०१३) । ब्रम्ह संसारको सबैभन्दा शक्तिशाली तत्त्व हो । वैदिक दर्शनको मुख्य दार्शनिक आधार ब्रम्ह अथवा ईश्वर हो । यसले ईश्वरलाई नै सर्वोच्च शक्तिका रूपमा स्वीकार गर्दछ । यो सारा ब्रम्हाण्डको सृष्टि ईश्वरले गरेको हो (सेन, १९९९) ।

शिक्षालाई विभिन्न काल खण्डमा विभाजन गरी त्यसको विश्लेषण गरिएको छ । जसमा लिच्छवी कालमा वैदिक शिक्षाको विकासको चर्चा गर्दा यसलाई प्रारम्भिक चरणका रूपमा व्याख्या गरिएको छ र ठकुरी र मल्ल काललाई लिच्छवी कालको तुलनामा केही दस्तावेजहरू उपलब्ध भएको र पाइएको मानिन्छ । यस समयमा विशेष गरेर शिक्षा काठमाडौँ उपत्यकामा मात्र केन्द्रित भएको देखिन्छ (Witzel, 1976) । उत्तर मल्ल कालमा शिक्षा उपत्यकाबाहिर मैथिली ब्राम्हणहरूसम्म पनि विस्तार भएको पाइन्छ । त्यसैगरी शाह कालमा सर्वप्रथम पृथ्वी नारायण शाहले वि.सं. १८२५ तिर (सन् 1768/69 A.D.) काठमाडौँ उपत्यकामा कुमाइ ब्राम्हण झिकाएर शिक्षा दिन सुरु गरेका थिए (Witzel, 1976) त्यस पछाडी क्रमश: पाँचवटा समूहहरू - राजोपाध्याय, पूर्वीय ब्राम्हण, तिरहुत ब्राम्हण, कुमाइ ब्राम्हण र पशुपति पुजारी (गोरखाका) अथवा भट्टले शिक्षा दिने गर्दथे ।

## प्राचीन वैदिक वा संस्कृत शिक्षा प्रणाली (Ancient vedic or sanskrit education)

वेदमा आधारित दर्शनलाई वैदिक दर्शन भनिन्छ । वेदको अर्थ ज्ञान (knowledge) हो । वेदलाई अपौरुषेय भनिन्छ । अपौरुषेयको अर्थ वेद मानव लिखित नभएर वेद ब्रम्हवाणी हो भन्ने विश्वास गरिन्छ । वैदिक दर्शन पूर्वीय मान्यता अनुसार साक्षात भगवानको खासको रूपमा प्रकट भएको नित्य र अपौरुषेय ज्ञानको भण्डार नै वेद हो । वैदिक दर्शन सनातन धर्मबाट चलिआएको मानिन्छ । त्यसैले यसलाई सनातन दर्शन पनि भनेको पाइन्छ, यसलाई हिन्दु दर्शन पनि भनिन्छ अथवा हिन्दु दर्शन भनेकै वैदिक दर्शन हो । मन्त्र भन्नाले ऋचा (श्लोक) भन्ने बुझिन्छ । मन्त्रहरूको समूहलाई संहिता भनिन्छ । संहिता भनेको मूल कृति हो र संहिता शाखा भनेको वेदका भाष्य वा टीका हुन् । मन्त्रका

संहिताहरू चार प्रकारका छन् - ऋक्, साम, यर्जु र अथर्व । ब्राम्हण भनेको संहिताहरूको व्याख्या हो अथवा यज्ञ वा कर्मकाण्डसम्बन्धी ग्रन्थहरू हुन् । वेदका चारवटा शाखाहरू छन् - ऋग्वेद, यर्जुवेद, सामवेद र अथर्व वेद । ज्ञान काण्डलाई ऋग्वेद भनिन्छ, यर्जुवेद मन्त्रहरूको संग्रह हो, सामवेद वेदको उपासना वा वेदको संगीत शाखा हो र अथर्व वेद विज्ञान शाखा हो स्वामी संदपुरीमहाराज, (२०१३) । त्यसैगरी वेदका तीनवटा विभागहरू छन् - संहिता, ब्राम्हण र उपनिषद् (आख्यक) जसमा संहिता भनेको मूल कृति हो । जसलाई वेदान्त (Vedanta) पनि भनिन्छ । उपनिषद्ले ब्रम्हलाई मूल तत्त्वका रूपमा लिन्छ । ब्राम्हण भनेको यज्ञ र कर्मकाण्डसम्बन्धी ग्रन्थ हो । यो कर्मकाण्डसम्बन्धी ग्रन्थ हो । यो शब्द ब्रम्हबाट ब्राम्हण भएको/आएको हो । जसको अर्थ प्रार्थना गर्ने (Prayer) भन्ने हुन्छ । यसले वेदका जटिल विधिहरूको (Reitualism of Vedas) व्याख्या गरेर यज्ञ, यज्ञादीको नियम बनाएको हुन्छ । यही ब्राम्हणको अनुसूचीको रूप आख्यान वा उपनिषद् हो, उपनिषद् भनेको दर्शन र ज्ञान विज्ञानसम्बन्धी ग्रन्थ हो, यसलाई वेदान्त पनि भनिन्छ । वेदको अन्तिम भागमा रहेकाले यसलाई वेदान्त भनिन्छ । राधाकृष्णायन (1999) ले हिन्दु दर्शनलाई चार भागमा विभाजन गरेका छन् । (पाचौँ पछि थप गरिएको हो)

नेपालको शैक्षिक इतिहासमा सबैभन्दा पुरानो वैदिक शिक्षा हो। यस शिक्षा प्रणालीअनुसार निम्न प्रकारका शिक्षा प्रणालीहरू थिए : गुरुकुल शिक्षा : शिष्यले गुरु पूरोहितले घरमा गएर लिइने शिक्षा प्रणालीलाई ‘गुरुकुल’ शिक्षा प्रणाली भनिन्छ (शर्मा, २०५०) । यस समयमा समाजलाई चार भागमा विभाजन गरी सोहि अनुसारको शिक्षा दिइन्थ्यो । ब्राम्हण : वेद, दर्शन, नीतिशास्त्र, ज्योतिषशास्त्र, आयुर्वेद व्याकरणसम्बन्धी शिक्षा दिइन्थ्यो । क्षेत्री : शस्त्रविद्या, धनुर्वाण, राजनीति, राजकाज, सञ्चालन गर्ने, घोडचडी, शान्ती सुरक्षा गर्ने कार्य गर्ने शिक्षा दिइन्थ्यो । वैश्य : कृषि, पशुपालन, व्यापार आदि सम्बन्धी शिक्षा दिइन्थ्यो र सूद्रः सेवामूलक कार्य गर्ने खालको शिक्षा दिइन्थ्यो । ब्राम्हण, क्षेत्री र वैश्यको सेवा गर्नुलाई शुद्रको मुख्य कार्य मानिन्थ्यो । त्यस समयमा महिला शिक्षा पनि दिने गरेको पाइन्छ । यसको प्रमाण गर्गी र मैत्रेयीजस्ता विदुषीहरू थिए ।

ऋषिकुल शिक्षाः ऋृषिमुनीहरूको अधीनमा रही लिइने शिक्षालाई ‘ऋषिकुल’ शिक्षा भनिन्छ । यसअन्तर्गत निम्न तहको शिक्षा प्रदान गरिन्थ्योः विद्यास्नातकः यस तहमा सामान्य रूपले ऋृषि आश्रमको मर्यादा पालन गरी बेदको अध्ययन गरिन्थ्यो, व्रतस्नातकः यस तहमा ऋषि आश्रमको नियम कडाइका साथ मर्यादा पालन गर्नुपर्ने र रिस, अहिंसा,

सहिष्णुता, मनन गरी वेदको अध्ययन गर्नुपर्दथ्यो र विद्याव्रत स्नातकः यस तहमा कठिनभन्दा कठिन अनुशासनमा रही तथा संयम धारण गरी वेदको गहन अध्ययन गरिन्थ्यो। देवकुल शिक्षाः देवकुल शिक्षाअन्तर्गत देवताको पूजा अर्चनाको ज्ञान दिने गरिन्थ्यो। राजकुल शिक्षाः राजकुल शिक्षाअन्तर्गत राजाका छोरा राजकुमारहरूका लागि नीतिशास्त्र, राजनीतिशास्त्र आदिको शिक्षा दिने गरिन्थ्यो। पितृकुल शिक्षा यस शिक्षाअन्तर्गत पूर्वजका बारेमा श्रद्धा र ज्ञान दिने खालको शिक्षा दिइन्थ्यो। वर्णाश्रम धर्मः यस धर्मअनुसार मानिसको आयुलाई चार भागमा बाँडी छुट्टाछुट्टै कार्यको विभाजन गरिएको थियो। जुन निम्नानुसार छ : ब्रम्हचर्य आश्रम : २५ वर्षसम्म - शिक्षा लिने, गृहस्थ आश्रम : २५-५० वर्षसम्म - घरजम गर्ने, वानप्रस्थ आश्रम : ५०-७५ वर्षसम्म - सांसारिक भौतिक सुखबाट टाढा रही धर्म पालना गर्ने र सन्यास आश्रमः ७५-१०० वर्षसम्म - सबैबाट अलग रही मोक्ष प्राप्तिका लागि सन्यास धर्म पालना गर्ने।

सामाजिक दायित्व पूरा गर्नु (Discharge of all social obligation) - तीन ऋण देव ऋण, गुरु/ऋषि ऋण र पितृ ऋणबाट मुक्त हुनु। दुःखबाट छुटकारा पाउनु (To get ride of suffering) पञ्चकोषको यात्रा पूरा गर्नु (To compltet the journey of panchakosha) अन्नमयकोष, प्राणमय, मनमय, विज्ञानमय, आनन्दमय कोष सरल र पवित्र जीवन जिउन सिकाउनु (To teach simple and holy life) "आत्मवत् सर्वभूतेषु यः पस्यति सपस्यति" - आफूसरह देख्ने, सत्चरित्रको निर्माण गर्नु (To build good character) आफूसरह हरेक प्राणीलाई हेर्ने दृष्टिकोणको विकास गर्नुपर्छ। किनभने हरेक प्राणीमा आत्मा हुन्छ। आत्मा भनेको ईश्वरको अंश हो यो सबै समान हुन्छ।

धर्मका दश गुणहरू - धैर्य, क्षमाशिलता, दुर्भावनाको दमन, अरुको सम्पत्तिको लोभ नगर्नु, पवित्रता, इन्द्रियहरूको नियन्त्रण, बुद्धि, विद्या, सत्य, क्रोध" पूरा गर्नु यसबाट पवित्र जीवन सामञ्जस्यपूर्ण सामाजिक जीवन र आध्यात्मिक उन्नतिमा जोड (To foster harmonius social life and spiritual upliftment), राष्ट्रियताको भावना र देशभक्तिको विकास (To deveop nationalistic spirit and patriotism), र विश्व भ्रातृत्वको प्रेरणा दिनु (to inspire universal brotherhood) वेद सुरुमा एउटै थियो पछाडि आएर अध्ययन गर्न सजिलो होस् भन्ने उद्देश्यले वेद व्यासले वेदलाई चारवटा शाखामा विभाजन गरी आफ्ना नजिकका चार जना शिष्यलाई पढाएको र एउटा एउटा शाखा जिम्मा दिएको - ऋग्वेदका शाखा - प्रवर्तक पल, यर्जुवेदका शाखा - वैशम्पायन, सामवेदका शाखा - जैमिनी, अथर्ववेदका शाखा - सन्तनुलाई दिएका थिए।

यी वेदका ज्ञाता वा जान्ने व्यक्तिहरूलाई पनि फरक फरक नामले सम्बोधन गरेको पाइन्छ : ऋग्वेदका अध्येतालाई - होता, यजुर्वेदका अध्येतालाई - अघ्वर्यु सामवेदका अध्येतालाई - उद्‌गाता, अथर्ववेदका अध्येतालाई - ब्रम्हा भनिन्थ्यो (शंकर, २०११) ।

न्यायसूत्रका अनुसार पदार्थको सम्यक् ज्ञानबाट नै मुक्ति प्राप्त हुन्छ । न्याय सूत्रका अनुसार दु:खको मूल कारण जन्म हो । जन्मको कारण प्रवृत्ति हो । वात्स्यायनका अनुसार कर्मजनित पाप पुण्य हो । प्रवृत्तिको, कारण दोष हो । दोषको कारण मिन्थ्या ज्ञान हो, र सम्यक् ज्ञानबाट मित्थ्या ज्ञान हट्छ, मित्थ्या ज्ञान हटेपछि, पाप हट्छ, पाप हटेपछि कर्म मेटिन्छ, कर्म मेटिएपछि पुनर्जन्मबाट छुटकारा मिल्छ र पुनर्जन्मबाट छुटकारा मिलेपछि पूर्ण रूपले दु:खबाट मुक्ति मिल्छ (भुसाल, २०६८) ।

## पूर्व साहित्यको पुनरावलोकन

स्वामी संदपुरीमहाराज, (२०१३) कुनै पनि अध्ययनलाई आधिकारिक र स्तरीय बनाउन उक्त अध्ययनसँग सम्बन्धित विभिन्न साहित्यको पुनरावलोकनले सहयोग पर्‍याउँ छ । त्यसै सिलसिलामा यस अध्ययनको वैधानिकता र आधिकारिकताका लागि विभिन्न पूर्व साहित्यको पुनरावलोकन गरिएको छ । यो अध्ययन गुणात्मक ढाँचामा तयार पारिएको छ । वेदको अर्थ ज्ञान हुन्छ । वेदलाई चार भागमा विभाजन गरिएको छ । ती चार वेदमा ऋगवेद, यर्जुवेद, सामवेद र अथर्व वेद हुन् । हरेक वेदलाई तीन तीन भागमा विभाजन गरी विश्लेषण गरिएको हुन्छ । पहिलो : संहिता (Samhita), दोस्रो : ब्राम्हण (Brahmain), र तेस्रो : आख्यक (Ayanyakas) हुन् । स्वामी संदपुरी महाराज, (२०१३) । ब्रम्ह संसारको सबैभन्दा शक्तिशाली तत्त्व हो ।

सेन, (१९९९) वैदिक दर्शनको मुख्य दार्शनिक आधार ब्रम्ह अथवा ईश्वर हो । यसले ईश्वरलाई नै सर्वोच्च शक्तिका रूपमा स्वीकार गर्दछ । यो सारा ब्रम्हाण्डको सृष्टि ईश्वरले गरेको हो ।

Witzel, (1976) शिक्षालाई विभिन्न काल खण्डमा विभाजन गरी त्यसको विश्लेषण गरिएको छ । जसमा लिच्छवी कालमा वैदिक शिक्षाको विकासको चर्चा गर्दा यसलाई प्रारम्भिक चरणका रूपमा व्याख्या गरिएको छ र ठकुरी र मल्ल काललाई लिच्छवी कालको तुलनामा केही दस्तावेजहरू उपलब्ध भएको पाइन्छ । यस समयमा विशेष गरेर शिक्षा काठमाडौँ उपत्यकामा मात्र केन्द्रित भएको देखिन्छ । उत्तर मल्ल कालमा शिक्षा उपत्यकाबाहिर मैथिली ब्राम्हणहरूसम्म पनि विस्तार भएको पाइन्छ । त्यसैगरी शाह

कालमा सर्वप्रथम पृथ्वी नारायण शाहले वि.सं. १८२५ तिर (सन् 1768/69 A.D.) काठमाडौँ उपत्यकामा कुमाइ ब्राम्हण झिकाएर शिक्षा दिन सुरु गरेका थिए (Witzel, 1976) त्यसपछाडि क्रमश: पाँचवटा समूहहरू - राजोपाध्याय, पूर्वीय ब्राम्हण, तिरहुत ब्राम्हण, कुमाइ ब्राम्हण र पशुपति पुजारी (गोरखाका) अथवा भट्टले शिक्षा दिन्थे ।

वैदिक दर्शनको विकासक्रमलाई प्रसिद्ध भारतीय शिक्षाशास्त्री राधाकृष्णायन (२०१७, पृ. ४७) ले निम्न लिखित कालखण्डमा विभाजन गरी व्याख्या गरेको पाइन्छ : वैदिक काल (Vedic Period : 1500 BC-600 BC), पौराणिक काल (The Epic Period : 600 BC-200 AD), सूत्र काल (Sutra Period : 200 AD-600 AD), पाण्डित्य काल (Scholarly Period : 600-1700 AD) र आधुनिक काल (The Modern Period : 1700-onward)

शंकर (२०११) वेदका विभिन्न चारवटा शाखाहरू - ऋग्वेद, सामवेद, यर्जुवेद र अथर्व वेद (Righ Veda, Sam Veda, Yajur Veda and Athurba Veda) छन् । वेदले शाश्वत सत्य ब्रम्हलाई मान्दछ । ब्रम्ह "सत्‌चित्‌आनन्दस्वरूपम्" का रूपमा सर्वसार उपनिषद्‌को १८६ औँ ऋचामा उल्लेख गरिएको (Truth, consciousness and pleasure/aesthetic) छ (भुसाल, २०६८) । "सत् चित् आनन्द स्वरूपम्" जसमा सत् (Truth) भन्नाले जीवित र निर्जीव छुट्याउन सक्ने तत्त्वको बारेमा सचेत रहने गुण र आनन्द भन्नाले यो सांसारिक माया मोहबाट आत्मलाई अलग गरी परमात्मा (ब्रम्ह - Super Soul) मा तल्लीन हुने अवस्था हो ।

वेदव्यास, (२०६९) वेदले यो सम्पूर्ण ब्रम्हाण्डको सृष्टि ईश्वरले (Brahma) गरेको ठान्दछ । ब्रम्ह नै सम्पूर्ण जगतको स्रोत र शाश्वत सत्य (Absolute Reality) हो । यस दर्शनका अनुसार जीवनको अन्तिम लक्ष्य मोक्ष प्राप्त गर्नु हो । सामाजिक आत्मियता र विविधता (Soical Harmony and diversity) हिन्दु दर्शनको आधारभूत चरित्र हो । उच्च मानवीय गुणको निर्माण गर्नु यसको मुख्य लक्ष्य हो । हिन्दु दर्शन भनेको धर्म होइन तर सम्पूर्ण मानवका लागि मार्गदर्शक हो । पूर्वीय दर्शनलाई वेदको अस्तित्त्व स्वीकार गर्ने र अस्तित्त्व स्वीकार नगर्ने गरी मूल रूपमा वा दुई भागमा विभाजन गरिएको छ । अस्तित्त्व स्वीकार्नेलाई आस्तिक (Theist or Orthodox) भनिन्छ भने स्वीकार नगर्नेलाई नास्तिक (Atheist/Unorthodox) भनिन्छ । आस्तिक (Orthodox) दर्शनहरूमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन पर्दछन् । त्यसैगरी नास्तिक (Unorthodox) दर्शनहरूमा बौद्ध, जैन र चार्वाक पर्दछन् ।

## समस्याको कथन

नेपाल एक कानुनी रूपमा धर्मनिरपेक्ष मुलुक भए तापनि व्यवहारिक रूपमा ८१ प्रतिशतभन्दा बढी मानिसले हिन्दु धर्म मान्दछन् । हिन्दु धर्मको मुख्य आधार अथवा ग्रन्थ वेद हो । वेदमा आधारित दर्शन नै वैदिक दर्शन हो । मानिस सनातन कालदेखि हिन्दु धर्म संस्कृति मान्दै, अँगाल्दै आएका छन् । तर विगत केही वर्षदेखि यता सहरीकरणको नाममा र आधुनिकीकरणको नाममा विदेशी धर्म र संस्कृतिहरूप्रति विभिन्न प्रलोभनमा पारेर धेरै मानिसहरूलाई आफ्नो संस्कृतिबाट पलायन हुन बाध्य गरिँदै छ । यस्तो परिस्थितिमा आफ्नो संस्कृतिको र मौलिक दर्शनको परिचय गराउनु एउटा सचेत नागरिकको दायित्व हुन जान्छ । यस किसिमको जानकारी गराउने आफ्नो मौलिक दर्शन, साहित्यको परिचय गराउने लेख, अनुसन्धानहरू नेपाली सर्वसाधारणले बुझ्ने नेपाली भाषामा लेखिएका खोज अनुसन्धान पर्याप्त मात्रामा पाइदैनन् । यसको अभावलाई केही हदसम्म भए पनि पूरा गर्न मद्दत पुऱ्याउँछ भन्ने उद्देश्यले यो लेख तयार गरिएको छ, भने अर्को तर्फ विद्यार्थीहरूमा अनुशासनहीनता, नैतिक पतन, चरित्र हिनता बढ्दै गएको छ । वैदिक शिक्षामा गुरु चेलाको सम्बन्ध एउटा आदर्शमय थियो । त्यसैगरी अनुशासन पनि अत्यन्तै उच्च र अनुकरणीय थियो जसको परिणाम स्वरूप शैक्षिक उपलब्धि उच्च थियो । यस कुरालाई के आजको सन्दर्भमा पनि वैदिक शिक्षाको महत्त्व छ त ? के हाम्रो वैदिक सनातन संस्कृति बचाउन आवश्यक छ ? ज्ञानको वास्तविक अर्थ के हो ? आदि प्रश्नहरू वा समस्याको समाधान खोज्नु नै यस अध्ययनको मुख्य विषय हो । वेद के हो ? ब्रम्ह के हो ? वैदिक दर्शन केलाई भनिन्छ ? षडदर्शनअन्तर्गत कुन दर्शन पर्दछन् ? वैदिक दर्शनको आजको सन्दर्भमा शैक्षिक उपयोगिता के छ ? आदि ज्ञानका क्षेत्रमा अन्योलहरू छन्, यसैलाई समाधान खोज्ने वा यसैको उत्तर खोजिने कुरामा यो अध्ययन केन्द्रित छ ।

## अध्ययनको उद्देश्यहरू

१. वैदिक दर्शन र षडदर्शनको परिचय गराउनु ।

२. नेपालको सन्दर्भमा वैदिक दर्शनको शैक्षिक उपादेयताको लेखाजोखा गर्नु ।

## अनुसन्धानात्मक प्रश्नहरू

१. वैदिक दर्शन भनेको के हो ?

२. वैदिक दर्शन र षडदर्शनमा के समानता र भिन्नता छ ?

३. के आज पनि नेपालको शिक्षा प्रणालिमा वैदिक दर्शनको शैक्षिक उपयोगिता छ ?

## अध्ययनको विधि

यस अध्ययनको सिलसिलामा मुख्य गरेर यो अध्ययन पूरा गर्नका लागि विभिन्न शिक्षाविद्हरू, प्राध्यापक, शिक्षकहरूसँग टेलिफोन वार्ता र पुस्तकालयहरूका पुराना धर्मग्रन्थहरू, सन्दर्भ ग्रन्थहरू, पत्रपत्रिका र गुगलको माध्यमबाट तथ्याङ्कहरू सङ्कलन गरी तयार गरिएको छ । यसमा मूलत: प्राथमिकभन्दा पनि द्वितीय स्रोतहरूमा आधारित भएर तथ्याङ्कहरूको संकलन र विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ ।

## विश्लेषण

वैदिक दर्शनको चर्चा गर्दा यसको विकासक्रमलाई विभिन्न कालखण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । यसै सिलसिलामा विभिन्न शिक्षाविद्हरूले विभिन्न भागमा विभाजन गरेका छन् । वैदिक दर्शनको विकासक्रमलाई प्रसिद्ध भारतीय शिक्षाशास्त्री राधाकृष्णायन (२०१७, पृ. ४७) ले निम्न लिखित कालखण्डमा विभाजन गरी व्याख्या गरेको पाइन्छ :

### १. वैदिक काल (Vedic Period: 1500BC-600BC)

यसलाई पूर्व उपनिषद् वा वेदका विषयमा चिन्तन मनन गर्ने समयका रूपमा लिइन्छ । यसै समयमा चारवटा वेदहरूको सुरुवात भयो । जसमध्ये ऋग्वेद सबैभन्दा पुरानो भनिन्छ । यसको सुरुवात करिब १५०० बी.सी. पुरानो मानिन्छ र संसारको सबैभन्दा पुरानो ग्रन्थ पनि वेद हो (भुसाल, २०६८) । हरेक वेदको चार भाग हुन्छ र संहिता (Samhitas) : मन्त्र (Mantra), ब्राम्हण (Brahman), आरञ्यक (Arahyaka) र उपनिषद् (Upanishad) । मन्त्र (Mantra) अंग्रेजी शब्द Manas-मनस र त्रयते (Trayate)बाट आएको मानिन्छ । मनसको अर्थ मन (Mind) र त्रयते (trayate) भनेको मनलाई बचाउने (Protect) भन्ने हुन्छ । यसको अर्थ मनलाई बचाउने भन्ने हुन्छ ।

**ब्राम्हण (Brahman) :** ब्राम्हण शब्द संस्कृत भाषाको बृह (Brih)बाट आएको मानिन्छ जसको अर्थ बृहत् र विस्तारित (vast and expansive) रूपका रूपमा लिइन्छ । मन्त्रले मानिसको आत्मालाई बचाउँछ भन्ने विश्वास गरिन्छ । ब्राम्हण भनेको विश्वव्यापी शास्वत सत्य र सर्वव्यापी आत्मा (absolute, universal soul) मानिन्छ ।

यसको अर्थ बढ्नु वा फैलनु (to grow) र यो सदा फैलने व्यापक र परिपालक (nurturing) भन्ने हुन्छ । सामान्य अर्थमा ब्राम्हणले आरधना गर्ने वा व्यापक अर्थ र विज्ञ भन्ने (priest, more accurately, to a scholar) बुझिन्छ ।

### आरण्य र उपनिषद् (Aranyakas and Upanishads)

वेद शब्द विद् (Vid) भन्ने शब्दबाट बनेको हो, जसको अर्थ जान्नु (to know) आरण्य वेदको दार्शनिक चिन्तन र आचार विचारसम्बन्धी ग्रन्थ हो । सामान्य अर्थमा Aranyakas को अर्थ Forest writing भन्ने हुन्छ ।

## २. पौराणिक काल (The Epic Period : 600 BC-200 AD)

यस समयमा देवता र मानिसबिचको सम्बन्धको व्याख्या र विश्लेषण गरिएको समयका रूपमा लिइन्छ । यसै समयमा वाल्मिकीद्वारा रामायण (Ramayan), वेद व्यासद्वारा महाभारत र अन्य थुप्रै ग्रन्थहरू भागवत पुराणलगायत ग्रन्थको विकास भयो । यसैगरी मनुद्वारा आचार संहिता (code), धर्म शास्त्र, कल्प शास्त्र (Kalpasastra/Sutras) कौटिल्यको अर्थशास्त्र, वात्सायन (Vatsyayana) को कामशास्त्र (Kama Shastra, a text that discusses the value of sexual pleasure-vatsyayana) को निर्माण भएको मानिन्छ ।

## ३. सूत्र काल (Sutra Period : 200 AD-600 AD)

यस समयमा विभिन्न किसिमका दर्शनहरू जसमा हिन्दु वा वैदिक दर्शनको मूल पक्षको व्याख्या गरिएका विभिन्न दर्शनहरू - योग, न्याय वैशेषिक, साख्य, मीमांसा र वेदान्त दर्शनको निर्माण र विकास भयो । यी ६ वटा दर्शनलाई षडदर्शन भनेर भनिन्छ । त्यस्तैगरी साहित्यलाई बुझ्ने गरी विभिन्न सूत्रहरूको विकास भएको मानिन्छ ।

## ४. पाण्डित्य काल (Scholarly Period : 600-1700 AD)

यस समयमा महान दार्शनिकहरू शंकर (Shankara), रामानुज (Ramanuja), माधवाहरूले (Madhava) वैदिक दर्शनको व्यापक प्रचार प्रसार गरेका थिए । पण्डितहरूका (Scholars) बिचमा विभिन्न विवादका कारण विभिन्न सम्प्रदायहरूको उदय भएको पाइन्छ ।

## ५. आधुनिक काल (The Modern Period : 1700-present)

वैदिक दर्शनको मुख्य दार्शनिक आधार ब्रम्ह अथवा ईश्वर हो । यसले ईश्वरलाई नै सर्वोच्च शक्तिका रूपमा स्वीकार गर्दछ । यो सारा ब्रम्हाण्डको सृष्टि ईश्वरले गरेको हो (सेन, १९९९) । यस समयमा संस्कृत र हिन्दी भाषामा मात्र नभएर अंग्रेजी भाषामा समेत अनुवाद गरी युरोपियन र अन्य पश्चिमा मुलुकमा समेत यसको व्यापक प्रचार प्रसार गरी व्यापक बनाइएको थियो । यस समयका प्रमुख शिक्षाशास्त्री तथा शिक्षाविद्हरूमा अरबिन्द, मोहनचन्द्र करमचन्द्र गान्धी, विवेकानन्द, रबिन्द्रनाथ टैगोर, सर्भेपल्ली राधाकृष्ण आदि धेरै भारतीय विद्वान्हरू र खप्तड बाबा, योगी नरहरीनाथ जस्ता नेपाली विद्वान्हरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए (अर्याल र अधिकारी, २०७५) । हिन्दु दर्शन वा वैदिक दर्शनको सुरुवात कहिलेदेखि भयो भन्ने कुनै निश्चित आधार छैन तर यसलाई अनादिकाल वा सनातन धर्मदेखि नै चल्दै आएको मानिन्छ । वेदलाई एक मात्र मौलिक ग्रन्थको रूपमा लिइन्छ (शंकर, २०११) । वेदले शाश्वत सत्य ब्रम्हलाई मान्दछ । ब्रम्ह "सत्‌चित्‌आनन्दस्वरूपम्" का रूपमा सर्वसार उपनिषद्को १८६ औँ ऋचामा उल्लेख गरिएको (Truth, consciousness and pleasure/aesthetic) छ (भुसाल, २०६८) । "सत् चित् आनन्द स्वरूपम्" जसमा सत् (Truth) भन्नाले जीवित र निर्जीव छुट्याउन सक्ने तत्त्वको बारेमा सचेत रहने गुण र आनन्द भन्नाले यो सांसारिक माया मोहबाट आत्मलाई अलग गरी परमात्मा (ब्रम्ह - Super Soul) मा तल्लिन हुने अवस्था हो । (वेदव्यास, २०६९) यस दर्शनले यो सम्पूर्ण ब्रम्हाण्डको सृष्टि ईश्वरले ( Brahma) गरेको ठान्दछ । ब्रम्ह नै सम्पूर्ण जगतको स्रोत र शाश्वत सत्य (Absolute Reality) हो । यस दर्शनका अनुसार जीवनको अन्तिम लक्ष्य मोक्ष प्राप्त गर्नु हो । सामाजिक आत्मियता र विविधता (Soical Harmony and diversity) हिन्दु दर्शनको आधारभूत चरित्र हो । उच्च मानवीय गुणको निर्माण गर्नु यसको मुख्य लक्ष्य हो । हिन्दु दर्शन भनेको धर्म होइन तर सम्पूर्ण मानवका लागि मार्गदर्शक हो ।

पूर्वीय दर्शनलाई वेदको अस्तित्त्व स्वीकार गर्ने र अस्तित्त्व स्वीकार नगर्ने गरी मूल रूपमा दुई भागमा विभाजन गरिएको छ । अस्तित्त्व स्वीकार्नेलाई आस्तिक (Theist or Orthodox) भनिन्छ भने स्वीकार नगर्नेलाई नास्तिक (Atheist/Unorthodox) भनिन्छ । आस्तिक (Orthodox) दर्शनहरूमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन पर्दछन् । त्यसैगरी नास्तिक (Unorthodox) दर्शनहरूमा बौद्ध, जैन र चार्वाक पर्दछन् ।

वेदको प्रारम्भिक भागलाई मीमांसा र अन्तिम भागलाई वेदान्त भनिन्छ । वेदको अन्तिम खण्डको व्याख्या गर्ने भएकाले नै यसलाई वेदान्त भनिएको हो । यो दर्शन उपनिषद्मा आधारित छ । यसको प्रणेता महर्षि वेद व्यास हुन् । उपनिषद्हरू विभिन्न भागमा विभाजित छन । हरेकको मत र क्षेत्र फरक फरक छ । यी विभिन्न मतमतान्तरहरूलाई एकतृत गर्न वादरायण व्यासले ब्रम्हसूत्रको निर्माण गरेका थिए । वेदान्त दर्शन ब्रम्हज्ञान वा परा ज्ञानमा आधारित छ (श्रीमहर्षिकपिल, २०७२) । यसमा आत्मा (Soul) र परमात्मा (God) अर्थात ब्रम्हको बारेमा वर्णन गरिएको छ । ब्रम्हको ज्ञानको विस्तृत व्याख्या विश्लेषण विभिन्न उपनिषद्हरूमा गरिएको छ । धेरै जना विद्वान्हरूले विभिन्न ग्रन्थहरू भाष्य लेखेका छन् । पछाडि आएर तिनै भाष्यहरू विभिन्न वेदान्तका सम्प्रदायको रूपमा विकसित भए । त्यसमा मुख्य गरेर पाँचवटा सम्प्रदायहरू छन् । जुन यसप्रकार छन् :

**अद्वैतवादी - शंकराचार्य, विशिष्टा द्वैतवादी रामानुजाचार्य, द्वैतवादी माधवाचार्य, द्वैताद्वैतवादी निम्वाकाचार्य, शुधाद्वैतावादी र बल्लभाचार्य हुन् । यी पाँचओटामध्ये शंकराचार्यको भाष्य वेदान्त प्रतिपादनमा सर्वोत्कृष्ठ मानिन्छ । यस दर्शनको मुख्य उद्देश्य ब्रम्हज्ञान प्रदान गरी ब्रम्हज्ञानको माध्यमबाट मोक्ष दिलाउनु हो । मानव जीवनको अन्तिम लक्ष्य भनेको जन्म मृत्युको चक्रबाट सधैँका लागि छुट्कारा पाउनु हो । ब्रम्हज्ञानबाट आत्मज्ञान प्राप्त हुन्छ । आत्मा ज्ञान प्राप्त भएपछि ईश्वरसँग साक्षात्कार हुन्छ । यसैलाई मोक्ष प्राप्ति भनिन्छ । (राधाकृष्णायन, १९१७)**

## वैदिक दर्शनको दार्शनिक आधारहरू (Philosophical Premises of Vedic Philosophy)

दर्शनशास्त्र भन्नाले मानवसँग सम्बन्धित मन, ज्ञान, भ्रम, वास्तविकता, कारण वा अन्य यस्तै मानव जीवन–जगतको विषयमा धारणाको अध्ययन गर्ने शास्त्र हो । साधारणतः दर्शन भन्नाले कुनै व्यक्ति वा विशेष समूहको विचार, सोच र मानसिकता भन्ने बुझिन्छ त्यसैको अध्ययन नै दर्शन शास्त्र हो ।

वैदिक दर्शनमा मुख्य गरेर नौवटा दर्शनहरू छन् । जसलाई मूल रूपमा २ भागमा विभाजन गरी विश्लेषण गरिएको पाइन्छ । पहिलो : आस्तिक (orthodox) र दोस्रो : नास्तिक (Heterodox) । यसको मुख्य आधार वेदलाई स्वीकार गर्ने वा नगर्ने भन्ने हो अथवा ईश्वरको अस्तित्त्व स्वीकार गर्नेलाई आस्तिक र स्वीकार नगर्नेलाई नास्तिक दर्शन भनिन्छ (शंकर, २०११) । आस्तिक दर्शनहरूमा षडदर्शनहरू जसमा साख्य, योग, न्याय,

वैषेशिक, मीमांसा र वेदान्त पर्दछन् भने नास्तिक दर्शनमा बौद्ध, जैन र चार्वाक पर्दछन् । जसमध्ये मीमांसाले विशेष गरेर धर्मकर्म (Ritual) पक्षको व्याख्या गर्दछ भने वेदान्तले वेदको व्याख्या विश्लेषण गर्दछ जुन् वैद्धिक दर्शनको मुख्य दार्शनिक आधार हो । (शंकर, २०११) ले उनको शोधपत्रको वैदिक दर्शनका आधारहरूको अथवा मुख्य मुख्य दर्शनको चर्चा गर्दै वैदिक दर्शनको मुख्य आधार षडदर्शन हो भन्ने उल्लेख गरेका छन् ।

सनातनवाद (Enternal Philosophy), वेदको अक्षुणता (Infallibility of the Veda) - अपौरुषेय दर्शन (Veda), ईश्वरसम्बन्धी आधारभूत सिद्धान्त (Fundamental Principles regarding God), एकेश्वरवाद (Monotheism), बहुईश्वर देवतावाद (Polytheim), अवतारवाद (Principle of incarnation), संसारसम्बन्धी धारणा (Concept about Samsarar), आत्माको अमरत्व (Immortality of Soul), ब्रम्हवाद (Brahma-Vad) “सर्वम् ख:लु इदम् ब्रम्हा”, कर्मवाद (Karma -Vad) - कर्म (Deed) - कर्म र पुर्नजन्म एक अर्काका परिपुरक हुन् । - निष्काम कर्मद्वारा नै मुक्ति मिल्छ । त्रिगुणको सिद्धान्त (The Theory of Three Gunas)– “सत्व, रज र तम” (Goodness, obscurity and darkness), जीवनको उद्देश्य मुक्ति (Goal of life– liberation) ज्ञान नै मोक्ष प्राप्ति (Attainment of liberation from knowledge), मानिसको मानसिक अवस्था वा चित्तभूमि (Metal life or chittabhumi of Man) - क्षिप्त, मूढ, विक्षिप्त, एकाग्र र निरुद्ध - पाँच अवस्था र मानिसको स्वरूप (Nature of Man) स्थूल, सूक्ष्म, कारण गरी तीन स्वरूप हुन्छ ।

## षडदर्शनको परिचय (ntroduction to Six Philosophy)

शंकर (२०११) ले उनको शोधपत्रमा वैदिक दर्शनका आधारहरूको अथवा मुख्य मुख्य दर्शनको चर्चा गर्दै वैदिक दर्शनको मुख्य आधार षडदर्शन हो भन्ने उल्लेख गरेका छन् । जसको छोटो चर्चा निम्नअनुसार छ :

## साङ्ख्य दर्शन (Sankhya Darshan)

साख्यको अर्थ ज्ञान (Sankya Means the philosphy of right of right knowledge samyak khyati or jhara) यसलाई द्वैत यथार्थवादी दर्शन (Dualistic realism) भनिन्छ । यसले संसारको सृष्टि प्रकृति र पुरुषबाट भएको ठान्दछ (रेग्मी, २०६४) । यहाँ प्रकृति भन्नाले भौतिक वस्तु वा (Mater) र पुरुष भन्नाले आत्मा वा

चेतना ईश्वरीय तत्त्व (soul) भन्ने बुझिन्छ । पुरुष दृष्ट, मोक्ष प्राप्तिको तत्त्व, निश्चल अकर्म, नित्य, अविनाशी र अमर हुन्छ भने प्रकृति सत्व, रज र तम गुणयुक्त सम्पूर्ण पदार्थको कारक तत्त्व मानिन्छ । यसको प्रतिपादन कपिल (Kapila) ऋषिले गरेका हुन् । यसले हरेक वस्तुलाई संख्यामा व्यक्त गर्ने भएकाले नै यसलाई साङ्ख्य दर्शन भनिएको हो । यस्तै यसले कार्य कारणको सिद्धान्तलाई स्वीकार गर्ने भएकाले नै यसलाई द्वैतवादी दर्शन भनिएको हो । सत्व गुणको स्वभाव शान्त, ज्योतिर्मय सेतो, ज्ञान प्रदान गर्ने र सुखदायक हुन्छ । रज गुण प्रेरणादायी, चञ्चल, उत्तेजक र रातो हुन्छ भने तम गुणको स्वरूप अज्ञान, मोह जगाउने, वाधक र कालो रङको अन्धकारमय हुन्छ । यस दर्शनकाअनुसार यो सारा संसारको सृष्टि प्रकृति र पुरुषको संसर्गबाट भएको हो (श्रीमहर्षिकपिल मुनी, २०७२) । यसकाअनुसार ज्ञान इन्द्रियहरूको सहायताले प्राप्त हुन्छ । आँखाले रूप, कानले शब्द, नाकले गन्ध, जिब्रोले र त्वाचा स्पर्शबाट कुनै पनि विषयको ग्रहण (Perception) गर्दछन् । साख्य दर्शनले मुख्य २५ वटा तत्त्वहरू वा संख्याको क्रिया प्रतिक्रियाको परिमाण नै सृष्टिको मूल आधार मानेको छ ।

## योग दर्शन (Yoga Philosophy)

यसको प्रतिपादन पतञ्जली ऋषिले गरेका हुन् । योग दर्शनको मूल आदर्श/सिद्धान्त "चित्तवृत्त निरोध" हो । सामान्य मानिसको मन चञ्चल हुन्छ । योगको माध्यमबाट यस्तो चञ्चल चित्तलाई एकाग्र गरी परमात्मामा लगाइ आत्मालाई परमात्मासँग मिलाउने हो । यसैलाई मोक्ष प्राप्ति भनिन्छ । जीवनको अन्तिम लक्ष्य मोक्ष प्राप्ति गर्नु हो । चित्त चञ्चल हुने हुँदा यसलाई नियन्त्रण गरी ईश्वरमा आत्मालाई एकाग्र गर्नु वा स्थिर गराउनु नै योग हो । यसरी आत्मलाई वा मनलाई विषयन्तर हुन नदिई परमात्ममा लिन गराउनु नै मोक्ष प्राप्त गर्नु हो (शास्त्री, २०१५) । यस दर्शनका अनुसार पाँचवटा क्लेश वा दु:खको चर्चा गरिएको छ । योगमा उल्लेखित क्लेशहरूमा अविद्या (Ignorance)- सत्य र असत्य छुट्याउन नसकी असत्यलाई सत्य, दु:खलाई सुख र अनित्यलाई नित्य देख्नु अविद्या हो । अस्मिता (Egoism) पुरुष र प्रकृति छुट्याउन नसक्नु । राग (Attachment) सांसारिक वस्तुप्रतिको आशक्ति वा मोह नै राग हो । द्वेष (Aversion)- दु:खदायी पदार्थ वा वस्तुप्रति क्रोध वा घृणाको भावना हुनु द्वेष हो । अभिनिवेष (Fear of deaths) आफूलाई सधैं जीवित रहने आकांक्षाले ग्रस्त भई सधैं मृत्युदेखि डराउनु । योग दर्शनका अनुसार अष्टाङ्ग मार्ग (Eight fold paths) द्वारा

शरीर, चेतना र मनलाई नियन्त्रणमा राखि मुक्ति पाउन सकिन्छ । योग दर्शनका अनुसार मुक्तिका अष्टाङ्ग मार्गहरू यस प्रकार छन् :

**१-नियम (Absence) -** नियमको अर्थ संयम वा खराव आचरण गर्नबाट रोक्नु भन्ने बुझिन्छ । अथवा खराब चिन्तन गर्न नियन्त्रण गर्नु हो । यसअन्तर्गत अहिंसा (non-violence), सत्य बोल्नु (Truthfullness), चोरी नगर्नु अथवा अस्तेय (non-stealing), असंयम (hopeless) नबन्नु, अपरिग्रह (ब्रहचार्यं) दान नलिने, मोह, राग त्यागने (Devotion/detachment of attraction) कर्महरू पर्दछन् ।

**२-नियम (Observance) -** नियम भन्नाले आत्म अनुशासन हो वा संयक संवेग र स्वभावको निमार्ण गर्नु (Attivation of right emotion and habits) हो । योग दर्शनमा नियम पनि पाँचवटा बताएको छ । शौच, सन्तोष, तप, स्वध्याय र प्राणीधान/भगवानमा आस्था राख्ने, यसरी आफ्नो आचरण शुद्ध राख्नुपर्छ ।

**३-आसन (Postures) -** विभिन्न शारीरिक अभ्यासमा दत्तचित्त भएर लाग्नु, यसले चञ्चल मलनाई स्थिर बनाउँछ । मुख्य गरेर ८४ आसनको उल्लेख गरिएको छ ।

**४-प्राणायाम (Breathe control/expansion of energy through breathing) -** प्राणायाम भन्नाले श्वासप्रश्वासको नियन्त्रण गर्नु हो । यसमा पनि पुरक (श्वासलाई भित्र तानेर रोक्नु), रोचक (श्वासलाई बहिर निकालेर रोक्नु) र कुंभक (श्वासप्रश्वासको भित्र बाहिर गतिलाई रोक्नु) गरी तीन किसिमका उल्लेख गरिएको छ ।

**५-प्रत्याहार (Withdrawal of senses/control of sense organs) -**

इन्द्रियहरूलाई अनिक्षित वस्तुबाट टाढा राख्नु वा इन्द्रियजन्य अनुभूति हटाउनु इन्द्रिय निग्रह हो ।

**६-धारणा (Fixation of attention on a selected object) -** मनलाई अन्य वस्तुबाट हटाएर एकाग्र भएर नाक चन्द्रमा मष्तिष्कलाई केन्द्रित गर्नुलाई धारणा भनिन्छ ।

**७-ध्यान (Meditation) -** यस चरणमा माथिका चरणहरू पार गरी बिना व्यवधान मनलाई र मष्तिष्कलाई एकाग्र गर्ने अवस्था हो ।

**८-समाधि (Concentration/super cibsiousness) -** अन्य विषयवस्तुबाट चित्तलाई एकाग्र गरेर आत्मलाई परमात्मासँग पूर्णरूपले ध्यान समर्पित गर्नुलाई समाधि भनिन्छ ।

**वैशेषिक दर्शन (Vaishesika philosophy) -** वैशेषिक दर्शनका प्रवर्तक कणाद (Kanad) ऋषि हुन् । उनलाई  काश्यवका नामले पनि चिनिन्छ । यो ब्रम्हाण्डमा भएका हरेक वस्तुको रचना विशेष पदार्थबाट भएको ठानिन्छ अथवा हरेक वस्तुको निर्माण विशेष पदार्थबाट वा अणुबाट भएको हुन्छ भन्ने विश्वास गरिन्छ । हरेक वस्तुको निर्माण विशेष पदार्थबाट भएको ठान्ने भएकाले नै यसलाई वैशेषिक दर्शन भनिएको हो । यस दर्शनकाअनुसार नाम दिन सकिने, स्वतन्त्र अस्तित्त्व भएको हरेक वस्तु पदार्थ हो । पदार्थको वास्तविक पहिचान गर्न सक्नु र सच्चा ज्ञानबाट नै मोक्ष प्राप्त हुन्छ । अथवा पदार्थको सच्चा स्वरूप र गुणको ज्ञानबाट नै वास्तविक बुझ्न सकिन्छ र यसकै माध्यमबाट मोक्ष प्राप्त गर्न सकिने यस दर्शनको विश्वास छ । संसारका हरेक वस्तुको तत्त्वत्रानानी श्रेयसम् । वैशेषिक सूत्र १/१/४ (भुसाल, पृ.९३)

वैशेषिक दर्शनअनुसार संसारका हरेक वस्तु कुनै न कुनै परमाणुबाट बनेका हुन्छन् । यस दर्शनको दश अध्याय र प्रत्येक अध्यायमा दुई भागहरू छन् । वृति वैशषिक सूत्रको सबैभन्दा पुरानो टीका मानिन्छ । ई. को पाँचौं शताब्दीमा प्रशस्तपादले वैशेषिक सूत्रको विशेष भाष्य लेखेका थिए । वैशेषिक दर्शन प्रवर्तक कणाद र प्रशस्पादले संसारमा भएका सम्पूर्ण द्रव्य, गुण, कर्म, सामान्य, विशेष (particularity) र समयोग गरी छ किसिमका र पछि अभाव थप गरी जम्मा सात (७) किसिमका पदार्थको उल्लेख गरेका छन् ।

आकाशको गुण शब्द हो अथवा 'शब्दहगुणम् आकाशम' कणाद र कश्यस्तपाद १७ वटा र पछि अन्य सात थप गरिएका गरी जम्म २४ वटा गुणहरू हुन्छन् । (भुसाल, पृ.:९४) जसमा रङ्ग, रूप, रस (स्वाद), गन्ध, स्पर्श, संख्या, आयाम, पृथकत्व, संयोग, वियोग, पूर्वावस्था, उत्तरावस्था, द्रवत्व, गुरूत्व वृध्दि, स्नेह, सुख, दु:ख, इच्छा, द्वेष, प्रयत्न, संस्कार, धर्म, अधर्म र शब्द (आवाज) पर्दछन् । हरेक वस्तु परमाणुबाट बनेको भन्ने मान्यता वैशेषिक दर्शनले राख्दछ ।

द्रव्य (substance) सातवटा पदार्थहरूमध्ये द्रव्य सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । द्रव्य नौ किसिमका हुन्छन् । जस्तै पृथ्वी पनि एउटा द्रव्य हो, हरेक द्रव्यका फरक फरक गुण हुन्छन् । यिनीहरू पनि नित्य र अनित्य गरी दुई  किसिमका हुन्छन् । पृथ्वी, जल, तेज र वायु नित्य र अनित्य भनि विभाजन गरिएको छ । रस, रगं (रूप) स्पर्श, गन्ध, शब्द

जस्ता गुण हुन्छन् । जसलाई ज्ञानेन्द्रियद्वारा प्रत्यक्ष बोध गर्न सकिन्छ । अनित्य भन्नाले अणुहरू उत्पन्न वस्तुहरूलाई बुझाउछ । द्रव्यमा कुनै न कुनै गुण हुनुपर्दछ । जस्तै : आकाशको गुण शब्द हो अथवा "शब्दहगुणम् आकाशम्" कणाद र कश्यस्तपादले १७ वटा र पछि अन्य सात थप गरिएका गरी जम्म २४ वटा गुणहरू हुन्छन् । (भुसाल, पृ.:९४)

## न्याय दर्शन (Nyaya Philosophy)

ई पू ५५० वर्षअगाडि प्राचीन भारतमा विकसित भएको हो । यसको प्रतिपादन गौतम ऋषिले गरेका हुन् । यिनीलाई अक्षयपाद पनि भनिन्छ । यसलाई प्रमाण शास्त्र "प्रमाणर्थौ परिक्षणम् न्याय", तर्कशास्त्र, हेतु विज्ञान, अन्विक्षीकी आदि धेरै नामले चिनिन्छ । पदार्थको सत्य ज्ञानबाट नै मोक्ष प्राप्ति हुन्छ भन्ने मूल सिद्धान्तमा आधारित छ । धेरैले गौतम वा अक्षयपादको समय ई ३०० देखि २०० वर्षको बिच भन्ने तर्क प्रस्तुत गरेका छन् । गौतमले रचना गरेको न्याय सूत्र नै न्याय दर्शनको मूल ग्रन्थ हो । यसमा पाँचवटा अध्याय र ५२८ वटा न्याय सूत्रहरू सङ्ग्रहीत छन् । न्याय दर्शनका अनुसार ज्ञानको मुख्य स्रोत चारवटा छन् : प्रत्यक्ष (Perception), अनुमानमा (Anuman), उपमान (Upaman) र शब्द (Testimony) यस किसिमको प्रक्रिया पूरागरेर वास्तविक ज्ञान प्राप्त गर्न सकिन्छ (Dadu and Purohit, 2016) । "प्रत्यक्षानुमानोपमानशब्दा : प्रमाणाना" २६५ प्रत्यक्ष (perception) इन्द्रियहरूको वस्तुसँग प्रत्यक्ष सम्पर्कबाट प्राप्त हुने ज्ञान प्रत्यक्ष ज्ञान हो । प्राचीन न्याय निश्चित ज्ञान प्रत्यक्ष (perception) हो । प्रत्यक्ष ज्ञानका सम्बन्धमा नव्य न्यायका अनुसार प्रत्यक्ष प्रभाका कारण प्राप्त अनुभव नै प्रत्यक्ष हो । पदार्थसँग इन्द्रिय, इन्द्रियसँग मन, मनसँग आत्मको सम्बन्धबाट प्रत्यक्ष ज्ञानको उत्पत्ति हुन्छ । प्रत्यक्ष ज्ञानको प्रक्रिया-पदार्थको इन्द्रियसँग, इन्द्रियको मनसँग, मनको आत्मसँग पुग्छ र कुनै पनि वस्नु, पदार्थको प्रत्यक्ष ज्ञान प्राप्त हुन्छ । पहिले सिकेको ज्ञानको अनुभव पनि प्रत्यक्ष ज्ञानमा पर्दछ । जसलाई प्रमाता, प्रमेय प्रभा भनिन्छ । प्रत्यक्ष ज्ञान दुई प्रकारका हुन्छन् : स्मृति ज्ञान (memory Knowledge) - स्मृति भनेको हामीले सिकेका कुराहरू केही समयमा हराएर जान्छन् तर त्यो अज्ञात आत्म (unconscious mind) मा संस्कारका रूपमा रही रहन्छ, कालान्तरमा फेरी स्मरणका रूपमा उत्पन्न हुन्छ । जुन वस्तु पहिले नै ज्ञात थियो त्यो नै स्मृति हो (सिन्हा, पृ.३१) ।

**मीमांसा दर्शन (Mimansa Philosophy)** - षडदर्शनको एक प्रमुख दर्शन मीमांसा हो । मीमांसा दर्शनलाई दुई भागमा बाँडिएको छ । पहिलो अथवा प्रारम्भिक खण्डलाई पूर्व मीमांसा र दोस्रो वा उत्तर मीमांसालाई वेदान्त (Vedanta) भनिन्छ । यही पूर्व मीमांसालाई मीमांसा दर्शन भनिन्छ । यसको प्रतिपादन जैमिनी ऋषिले गरेका हुन् । मीमांसाको अर्थ शाश्वत विचार (Revealed thought) भन्ने हुन्छ । मीमांसाको सामान्य अर्थ विवेचना हो भने दर्शनमा मीमांसा भन्नाले कुनै विषयको वास्तविकता, वास्तविक तत्त्वको निष्कर्ष प्रारम्भिक खण्डको, वेदका मन्त्रहरूको, विवादको, समस्याको समाधान खोजी गर्ने काम गर्दछ । यसले वैदिक धर्मको विवेचना गर्ने, कर्मकाण्डवादी, पूरोहितवादी भएकाले यसलाई धर्म मीमांसा (Religious doctrine) र वेदको कर्मकाण्डको ज्ञान दिने दर्शनका रूपमा लिइन्छ ।

यस दर्शनको मूल ग्रन्थ सबैभन्दा पुरानो जैमिनी ऋषिको मीमांसा सूत्र ईं.स २०० देखि २०० ई. बिचमा भएको मानिन्छ । यो वेद र ब्राम्हण ग्रन्थमा आधारित छ । वैदिक सनातन कर्मकाण्ड महासंघ (२०६३) मीमांसाले वेदका अनुष्ठानहरूको मन्त्रहरूको स्पष्ट पार्ने र वैदिक आदर्श र मान्यतामा देखापर्ने अन्तर्विरोधहरूको समाधान गर्ने काम गर्दछ । तत्कालीन समयमा निष्क्रिय भएको, सेलाउँदै गएको पक्ष कार्यलाई नयाँ ढंगबाट अगाडि बढाउने काम गऱ्यो । त्यसैले मीमांसालाई कार्मकाण्ड र उत्तर मीमांसा, वेदान्तलाई ज्ञानकाण्ड भनिन्छ । मीमांसाको सबैभन्दा पुरानो भाष्य चौथो ई.स को शावर भाष्यलाई भनिन्छ । त्यसपछिको प्रभाकार मिन्डा र कुमारीले भट तथा मीमांसालाई भनिन्छ । त्यसपछिका प्रसिद्ध भाष्यकार तथा मीमांसकका रूपमा लिइन्छ । यसले वेदको प्रमाणिकता कायम गर्ने स्वत: प्रमाणवादको विकास गरेको थियो । स्वत: प्रामाणिकतावादका अनुसार जुन परिस्थितिले ज्ञान आर्जन गराउँछ, तिनीहरूले नै ज्ञानको सिद्ध गर्दछन् । प्रमाणित गर्न अर्को कुनै कुरा चाहिँदैन भनेका छन् ।

## वेदान्त दर्शन (Vedanta philosophy)

वेदको प्रारम्भिक भागलाई मीमांसा र अन्तिम भागलाई वेदान्त भनिन्छ । वेदको अन्तिम खण्डको व्याख्या गर्ने भएकाले नै यसलाई वेदान्त भनिएको हो । यो दर्शन उपनिषद्मा आधारित छ । यसको प्रणेता महर्षि वेद व्यास हुन् । उपनिषद्हरू विभिन्न भागमा विभाजित छन् । हरेकको मत र क्षेत्र फरक फरक छ यी विभिन्न मत मतान्तरहरूलाई एकतृत गर्न वादरायण व्यासले ब्रम्हसूत्रको निर्माण गरेका थिए । वेदान्त दर्शन ब्रम्ह ज्ञान वा परा ज्ञानमा आधारित छ । यसमा आत्मा (Soul) र परमात्मा (God) अर्थात्

ब्रम्हको बारेमा वर्णन ब्रम्हको ज्ञानको विस्तृत व्याख्या विशेषण, विभिन्न ग्रन्थहरू भाष्य लेखेका छन् । पछाडि आएर तिनै भाष्यहरू विभिन्न वेदान्तका सम्प्रदायको रूपमा विकसित भए ।

## वैदिक दर्शनको शैक्षिक उपादेयता

आजभोलि शिक्षक र विद्यार्थीको सम्बन्ध दिनप्रतिदिन टाढा बन्दै गएको छ । त्यसमा पनि उच्च शिक्षामा त झनै टाढा छ । शिक्षक विद्यार्थीबिचको सम्बन्ध जति गाढा भयो उति शिक्षण सिकाइ प्रभावकारी हुन्छ । वैदिक कालमा शिक्षक र विद्यार्थी अथवा गुरु चेला बिचको सम्बन्ध अत्यन्तै नजिक र गाढा थियो । यसको विश्वले मुक्तकण्ठले प्रशंसा गरेका थिए (फ्लोड, १९९६) । जुन आजको शिक्षा प्रणालीमा पनि उत्तिकै उपयोगी छ । ज्ञान र मूल्यमा आधारित शिक्षा प्रणाली (Knowledge and Value based education system), वैदिक दर्शनको चार स्तम्भ - (मोक्ष प्राप्तिका लागि) धार्मिक (Righteosness) ज्ञान (Knowledge) सभ्यता (Civilization) र जितेन्द्रियता (Self-restraint and control of mind), आन्तरिक सन्तुलन र वाध्य सामञ्जस्यता कायम गर्नको लागि वैदिक शिक्षा (Vedic Education for achieving internal balance and external harmony), सामाजिक समञ्जस्यताका लागि नैतिक आचार संहिताको पालना (Following moral code of conduct for social harmony), सहयोग, सहअस्तित्त्व र कमजोरको आरक्षणको वकालत (Advocates cooperation, co-existance and protection to the weakest), "आत्मवत् सर्वभूतेषु य: यश्पति सपस्यति"  कति जना मिलेर कुन काम गर्दा राम्रो मानिन्छ ।

"एकाकिना तपो वम्यां पठनं गायनं त्रिभि: ।

चतुभिर्गमन क्षेत्रं पञ्चमिर्बहुमी रण: ॥ चाणक्यनीति

मानवता र विश्व शान्तिका लागि शिक्षा (Education for humanity and world peace) आदर्श गुरु शिष्य सम्बन्ध  (Noble relation between teacher and staudent), "विद्याहिनं गुरु त्यजेत् ।" - चाणक्यनीति (४/१६)

विद्यार्थीले ८ वटा कुरा त्याग गर्नुपर्ने बताइएको छ :

"कामं क्रोधं तथा लोभं स्वादं श्रृगार कौतुके ।

अति निन्द्राऽतिसेवे च विद्यार्थी ह्युप्ट बर्जयेत् । शिक्षण विधिको सान्दर्भिकता (Relevance of teaching Method), शिक्षालाई व्यवहारमा उतार्नु (Transfermation of education into behaviour)

> अज्ञेभ्यो ग्रन्थिन श्रेष्ठा ग्रन्थिभ्यो धारणो वरा: ।
> धारिभ्यो ज्ञानिन: श्रेष्ठ ज्ञानिभ्यो व्यवसायिन:॥
> "पुस्तकस्था तु या विद्या परहस्तगतं धनम् ।
> आपत्काले तु सम्प्राप्ते न सा विद्या न तद्धनम् ॥

सबैका लागि शिक्षा र जीवन पर्यन्त शिक्षा (Edication for all and lifelong education) "माता शत्रु पिता बैरी येन बालो न पाठित:।" आजको युगमा सबैका लागि शिक्षा, शिक्षा जन्मसिद्ध अधिकार समाहित शिक्षा जस्ता विश्वव्यापी नारा जन्मिरहेको बेलामा कुनै पनि आमाबुबा वा राष्ट्रले आफ्ना बालबालिकालाई शिक्षा दिनबाट वञ्चित गर्नु हुँदैन । यदि कोही आमाबाबुले आफ्ना सन्ततिलाई शिक्षा दिनबाट रोक्छ भने त्यो आमाबुबा सन्तानका लागि बैरी समान हुन्छ । किनभने शिक्षा नै भविष्यको व्यवसायको जग हो र सम्पूर्ण पक्षको विकासको आधार पनि हो । मानवीय मूल्यको संरक्षण एवं चरित्र निर्माणका लागि शिक्षा (Education for human values and character formation) "असतोमा सद्गमय, तमसोमा ज्योर्तिगमय, मृत्योर्मा अमृत गमय:" वैदिक शिक्षाले असत्यबाट सत्यतर्फ, अँध्यारोबाट उज्यालोतर्फ र मृत्युबाट अमरत्वतर्फ लैजाने कार्य गर्दछ ।

## निष्कर्ष

वैदिक दर्शनको मुख्य दार्शनिक आधार वेद हो । वेदको अर्थ ज्ञान भन्ने हुन्छ । वेदका चारवटा शाखाहरू छन् : ऋगवेद, यर्जुवेद, सामवेद र अथर्व वेद । हरेक वेदका तीन तीनवटा संहिता हुन्छन् । वैदिक दर्शनको विकासक्रमलाई राधाकृष्णायन (१९१७) ले विभिन्न कालमा विभाजन गरी व्याख्या गरेका छन् जसमा वैदिक काल, पूराण काल, सूत्र काल, पण्डित्य काल र आधुनिक काल यसको साथै हरेक कालको समय अवधि समेत निर्धारण गरिएको छ । यसको मुख्य दार्शनिक आधार भनेको, ईश्वरवाद हो । यस दर्शनले सम्पूर्ण शक्तिको स्रोत र ब्रम्हाण्डको रचयिता वा संचालक ईश्वरलाई मान्दछ (सेन, १९९९) । वैदिक दर्शनको मुख्य आधार भनेको षडदर्शन हो । षडदर्शनअर्न्तगत साङ्ख्य, न्याय, योग, वैशेषिक, मीमांसा र वेदान्त पर्दछन् । पछाडिका दुईवटा दर्शन पूर्ण

रूपमा वेदमा आधारित छन् । मीमांसाले धार्मिक कर्मकाण्डको व्याख्या गर्छ भने वेदान्त दर्शन वैदिक दर्शनको दार्शनिक आधार हो । नेपालको शैक्षिक इतिहासमा सबैभन्दा पुरानो शिक्षा प्रणाली वैदिक शिक्षा प्रणाली हो । यस शिक्षा प्रणालीअनुसार गुरुकुल शिक्षा, ऋषिकुल शिक्षा, देवकुल शिक्षा, राजकुल शिक्षा र पितृकुल शिक्षा पर्दछन् । हरेकको शिक्षण गर्ने विषयवस्तु र उद्देश्य पनि अलगअलग छ । यी सबै शिक्षाको मुख्य लक्ष्य भनेको एउटै हो । शिक्षाले मानिसलाई आत्मज्ञान दिलाउनुपर्छ । आत्मज्ञान प्राप्त गरेपछि मोक्ष प्राप्ति हुन्छ । मोक्ष प्राप्त गर्नु नै यस दर्शनको र शिक्षा प्रणालीको मुख्य उद्देश्य हो । यो दर्शन पुरानो सनातन धर्मदेखि भए तापनि व्यक्तिलाई आत्मअनुशासन कायम गराउन, नैतिकताको विकास गर्न, चरित्र निर्माण गर्न लगायतका धेरै कुरामा, आधुनिकताको विकास आदिमा नेपालको शैक्षिक प्रणाली सुधार गर्न आधुनिक शिक्षा प्रणालीमा अत्यन्तै उपयोगी हुने देखिन्छ ।

## सन्दर्भसामग्रीहरू

श्रीमहर्षिकपिल मुनी, (२०७२), साख्यदर्शनम्, मुंबइ : खेमराज श्रीकृष्णदास ।

अर्याल, प्रेमनारायण र अधिकारी, बालकृष्ण (२०७५), *शिक्षाका आधारहरू,* काठमाडौं : करुणधारा पब्लिकेसन प्रा.लि. ।

वेदव्यास (२०६९), वेदान्त दर्शन, भारत : गीताप्रेस गोरखपुर ।

वैदिक सनातन कर्मकाण्ड महासंघ (२०६३), *ऋग्वेद संहिता,* विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

भुसाल, बेदुराम (२०६८), *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू,* नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी ।

राधाकृष्णायन, सर्वेपल्लि (१९१७), *भारतीय दर्शन,* दिल्ली : राजपाल एन्ड सन्ज, साहित्य परिवार ।

रेग्मी, रामराज (२०६४), पूर्वीय दर्शनमा भौतिकतावाद, पोखरा : विन्ध्यवासनी, संचेतना परिवार ।

शर्मा, गोपिनाथ (२०५०), *नेपालमा शिक्षाको इतिहास (दोस्रो संस्करण)*, काठमाडौं : रविनराज भण्डारी ।

शास्त्री, उदयबीर (2015 A.D.) योगदर्शनम्, नयाँ दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द ।

Dadu V. & Purohit, J. H. (2016). The philosophy of Nyaya, epistemology and Ayurvedaresearch Methodology, *International Journal of Horbal Medicine*, *4* (1): 59-63.

Flood, G. (1996). *An introduction to Hinduism.* Cambridge: Cambridge University Press. ISBN 0-691-01958-4.

Sen, S. N. (1999). *Ancient Indian history and civilization, New Stone Age to 12th century.* India: Pearson Education.

Witzel, M. (1976). On the History and the Present State of Vedic Tradition in Nepal. Vasudha, Kathmandu, (12) 17-24, 35-59.